निर्वाचन आयोग नेपाल
# जिल्ला निर्वाचन कार्यालय
चितवन

फोन/फ्याक्स : ०५६-५९०६९१
ईमेल : deo.chitwan@election.gov.np

प.स. :- २०७९/०८०
च.नं. :- ३१

मिति : २०७९/०५/०१

श्री स्थानीय तह, सबै चितवन ।

विषय : निर्वाचन खर्चको विवरण सार्वजनिकरण गराई यस कार्यालयमा जानकारी दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा ताहाँ स्थानीय तह अन्तर्गत उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण यस कार्यालयमा पेश गरेका उम्मेदवारहरुको विवरण यसै साथ संलग्न छ । सो अनुसार ताहाँ स्थानीय तहमा प्रमुख / उप-प्रमुख /अध्यक्ष / उपाध्यक्ष पदमा उम्मेदवार भएकाहरुले ताहाँ महानगरपालिका / नगरपालिका / गाउँपालिकाको कार्यालयमा र वडा अध्यक्ष तथा सदस्यहरुले वडा कार्यालयमा, यस कार्यालयमा पेश गरे अनुसारको खर्चको विवरण आजका मितिले सात (७) दिन भित्र सार्वजनिकरण गरी गराई सोको जानकारी यस कार्यालय मिति २०७९/५/७ गते कार्यालय समय भित्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

भिमसेन कार्की
जिल्ला निर्वाचन अधिकारी

भिमसेन कार्की
जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग नेपाल

# जिल्ला निर्वाचन कार्यालय

चितवन

फोन/फ्याक्स : ०५६-५९०६९१
ईमेल : deo.chitwan@election.gov.np

प.सं. :- २०७९/०८०
च.नं. :- ३०

मिति : २०७९/०५/०१

श्री स्थानीय तह, सबै चितवन ।

विषय : सूचना टाँस तथा प्रकाशन गरिदिने बारे ।

प्रस्तुत विषयमा स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश गरेका उम्मेदवारहरुले खर्च विवरण सार्वजनिक गर्ने सूचना र निर्वाचन खर्चको विवरण पेश नगरेका उम्मेदवारहरुले स्पष्टीकरण पेश गर्ने सम्बन्धी निर्वाचन आयोगको सूचना तथा निर्वाचन खर्चको विवरण पेश गरेका र नगरेका उम्मेदवारको विवरण यसै साथ संलग्न छ । उक्त विवरण र सूचना ताहाँ कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरी सोको मुचुल्का सहितको जानकारी मिति २०७९/०५/०२ गते भित्र यस कार्यालयमा पठाइदिनु हुन अनुरोध छ ।

भिमसेन कार्की
जिल्ला निर्वाचन अधिकारी

भिमसेन कार्की
जिल्ला निर्वाचन अधिकारी